Received Date: Sept. 2023 Revised: Nov. 2023 Accepted: Dec. 2023

# राणाकालीन प्रशासनिक व्यवस्थामा दौडाहाप्रथाको प्रभाव

**सहप्रा.मुरारीकृष्ण गौतम**
सरस्वती क्याम्पस, लैनचौर, काठमाडौं
Email : pof.mgautam@gmail.com
*Doi: https://doi.org/10.3126/ppj.v3i2.66205*

**सारसंक्षेप**

*सेप्टेम्बर १८४६ इ. मा भएको कोतपर्वको दूरगामी परिणामस्वरुप जंगबहादुर कुवँरले तत्कालीन परिस्थितिलाई आफ्नो नियन्त्रणमा लिएर राणा शासनको प्रादुर्भाव गरे । उनको यो उदय वास्तविक अर्थमा तत्समयको अस्थीर राजनीति, कमजोर-अकुशल शासक, दरवारीया षड्यन्त्र एवं भारदारी गुटवन्दीको पृष्ठभूमिमा सम्भव भएको थियो । राणाशाहीको स्थापनाले ल्याएको एउटा मुख्य परिणाम वा प्रमुख प्रभाव जहाँनियाँ शासन व्यवस्था थियो । यसले मुलुकमा एक शताब्दीभन्दा बढी समय पारिवारिक, केन्द्रीकृत, निरंकुश र स्वैच्छाचारी शासन व्यवस्था संचालन गर्यो । यद्यपि यसले राजनैतिक स्थिरता प्रदान गर्नुका साथै प्रशासनिक संरचना र संगठनात्मक ढाँचामा समयानुकुल फेरवदल र परिवर्तन ल्याउन सफल भएको देखिन्छ । राणकालीन शासन व्यवस्था केन्द्रीकृत निरङ्कुश, पारिवारिक, अधिनायकवादी र हुकुमी शासनको रुपमा रहेको थियो । श्री ३ महाराजले मुलुकको शासन व्यवस्थालाई आफ्नो स्वेच्छिक र प्रतिक्रियात्मक तवरले परिचालन गरेर जहानियाँ तवरबाट परिचालन गरेका थिए । शासनको सम्पूर्ण स्रोत श्री ३ मा निहित राखेर "श्री ५ महाराजलाई खोपीको देवता" सरह तुल्याएका थिए । तत्कालीन प्रशासनिक संरचनामा दौडाहा व्यवस्था लागु गरेर स्थलगत अवलोकन भ्रमणका शिलशिलाबाट मुद्दाहरु टुङ्ग्याउने रणनीतिका निमित्त दौडाहा व्यवस्था परिचालित हुन्थ्यो । दौडाहा प्रथा पनि तत्कालीन प्रशासनिक संरचनाको एउटा महत्त्वपूर्ण पाटो थियो । यसले स्थलगत अध्ययन गरेर त्यहाँ भएगरेका घटित घटनाहरुको जाहेजा लिदै तत्कालै निर्णय अर्थात् फैसला दिने प्रक्रियाका रुपमा यसको प्रयोग गरिन्थ्यो । समग्रमा त्यसबेला यो व्यवस्थाको समुचित सदुपयोग भन्दा पनि चरम दुरुपयोग भएको देखिन्छ । किनकी जुन ठाउँमा दौडाहा पुग्ने हो, त्यहाँका जनताहरुका पीरमर्का, कठीनाई, अप्ठ्यारा, फुकाउनुभन्दा उनीहरुको घरघरानाबाट चौपाय, अनाज तथा खाद्य परिकारका विभिन्न वस्तुहरु लिएर खटिएका पदाधिकारीहरुले सुविधा उपभोग गर्ने चलन तिव्र रुपमा बढेको थियो । यसैको माध्यमबाट स्थानीय बडाहाकिम लगायतका जमिनदार कहलिएका अधिकारीहरुले स्थानीय जनतालाई अनेकानेक दुःख शोषण गर्दथे । शासनहरूको शोषण गर्ने एउटा गतिलो हतियार बनेर यो प्रथा प्रयुक्त भएको थियो । छोटो रुपमा न्याय निशाफ हुने गरेको भए पनि अन्यायपूर्ण कार्यमा यसको बढ्दो उपयोग हुने गरेको थियो ।*

**विशिष्ट शब्दावली :** प्रशासनिक संरचना, जहानिया शासन, प्रतिक्रियात्मक, अधियानकवादी र हुकुमी शासन ।

## विषय-प्रवेश

राणाकालीन प्रशासनिक व्यवस्थामा स्थीरता कायम रहनुका पछाडि शक्तिको अत्यधिक केन्द्रीकरण र अधिकारको अधिकाधिक उपयोग एउटा विषय भएपनि जनमानसमा चेतनाको स्तर बृद्धि न्यून रहनु मुख्य कारक तत्व थियो । जनजागरण अभिबृद्धि न्यूनातिन्यून भएको मौका पारेर राणा प्राइमिनिस्टरहरुले आ-आफ्नो शासन अवधिमा राष्ट्रिय हितलाई प्राथमिकता नदिई राणा-परिवारको हितलाई सर्वोपरी ठानी प्रशासनिक स्वरुप तय गरेका थिए । फलस्वरुप तत्कालीन प्रशासन सत्ताधारीका लागि परिवारमुखी बन्न पुग्यो । नेपालमा राणाहरुको पारिवारिक शासनलाई दृढतापूर्वक सञ्चालन गर्नमा तीनवटा रणनैतिक उपायहरुले प्रभावकारी भूमिका खेलेका थिए । यी खास तत्वहरुले नै सम्पूर्ण राणा- प्रशासनलाई व्यवस्थित र निर्देशित गरेको थियो । ती तत्वहरुमा रोलक्रम पद्धति, पजनी व्यवस्था र दौडाहाप्रथा पर्दछन् । रोलक्रम पद्धतिले राणा-परिवारलाई शक्तिसंचय गर्न अवसर प्रदान गर्यो । पजनी व्यवस्थाले मातहतका प्रशासनिक व्यक्तिहरुलाई सधैंभरी आफ्नो नियन्त्रणमा राख्न

सघाउ पुर्‍यायो भने दौडाहाप्रथाले केन्द्र र जिल्लाको प्रशासनिक सम्बन्ध विस्तार गर्दै अधिराज्यभित्र आफ्नो पकड सुदृढ बनाई राख्न मद्दत मिल्यो ।

दौडाहाप्रथा राणाकालीन प्रशासनिक व्यवस्थाको एउटा महत्वपूर्ण स्वरुप थियो । नेपाल जस्तो भौगोलिक विषमता र विकटता रहेको मुलुक जहाँ संचारको पहुँच पुग्न सकेको छैन, एक ठाउँबाट कर्को ठाउँमा सहजै आवागमन गर्न यातायात, बाटोघाटो, सडकको व्यवस्था सुलभ बनाउन सकिएको थिएन । त्यस्तो स्थितिमा दौडाहाप्रथाले केन्द्रदेखि जिल्ला हुँदै स्थानीय तहसम्म नियन्त्रण स्थापित गर्न फलदायी भूमिका खेलेको थियो । त्यसैगरी मातहतका निकायलाई केन्द्रको वफादार बनाई आफ्नो पकड़ मजबुत पार्न दौडाहा प्रथाले भरपर्दो कार्य गर्न सक्थ्यो । तसर्थ यसलाई सुदृढ र सशक्त बनाउने तर्फ राणा प्रशासक सदैव प्रयत्नशील भएको दृष्टिगोचर हुन्छ । अर्कोतर्फ केन्द्रसँग प्रत्यक्ष सरोकार नराखी स्थानीय प्रशासकहरु आ-आफ्नो क्षेत्रमा शक्तिशाली बन्न गै शक्तिको विभाजन हुने खतरा समेतलाई दृष्टिगत गरेर यो प्रथालाई व्यवहारमा उतारिएको सन्दर्भ प्रष्ट हुन्छ । यसको अर्थ केन्द्रीय प्रशासनसँग सिधा सम्पर्क स्थापना गरेर जिल्ला र स्थानीय तहसम्मको प्रशासनिक रेखदेख र नियन्त्रणमा दौडाहाप्रथालाई विशेष रुपमा उपयोग गर्ने परिपाटी अपनाइएको थियो ।

मुलुकभरका जिल्लाका सरकारी तथा गैरसरकारी कर्मचारीहरुको कामको मूल्याङ्कन गर्न, केन्द्रले चाहे अनुरुप जिल्ला जिल्लामा काम भैरहेको छ, छैन भन्ने कुराको निरीक्षण गर्न र जिल्ला प्रशासन विरुद्ध स्थानीय जनताको गुनासो, उजुरी आदि सुनुवाई गर्न केन्द्रबाट समय-समयमा दौडाहाहरु खटाइन्थे । यसरी खटिएर गएका दौडाहाका हाकिम राणा प्राइमिनिस्टरका नजिकका नातेदार वा वफादार प्रशासक नै हुने गर्दथे । उनको साथ लागेर आउने जिल्ला जिल्लामा खटिएको दौडाहा टोली निकै शक्तिशाली ठानिन्थ्यो । प्रायः गरेर दौडाहा टोलीको प्रमुख उच्च राणा अधिकृत नै हुने गरेको प्रसंगलाई त्यसबेलाका सवाल-सनद र मुख्तियारहरुद्वारा जारी गरिएका इस्तिहारहरुले प्रष्ट पार्दछन् । दौडाहामा जाने कर्मचारीहरु खटाउँदा उनीहरुले पाउने सुविधा मुख्तियारद्वारा जारी गरेको सनदमानै प्रष्ट उल्लेख गरिएको हुन्थ्यो । उनीहरुको कार्यक्षेत्र, अधिकार र कामका विवरणहरुका सन्दर्भमा मुलुकी वन्दोवस्त अड्डामार्फत् सबै कुराहरु तय गर्ने गरिन्थ्यो । दौडाहा टोली गठन गरी खटाइएको व्यहोरा सार्वजनिक घोषणा गरेर जानकारी दिइन्थ्यो । गोरखा पत्रको प्रकाशन शुरु भएपछि सार्वजनिक सूचनाकै रुपमा दौडाहाको खुलासा गर्न थालियो । यसको तात्पर्य यो हो कि राणाकालमा दौडाहाप्रथा गोप्य रुपमा खटाउने गरिएको थिएन । खटाइएको दौडाहा टोलीले देशको प्रचलित कानून, नियम, ऐन, सनद-सवाल बमोजिम काम गर्नु गराउनु पर्दथ्यो । कानूनले तोके भन्दा बाहिरको विषयलाई यथार्थ विवरण सहित केन्द्रमा पठाई प्राप्त निर्देशन बमोजिम निर्णय लिनु आवश्यक ठानिन्थ्यो ।

## अनुसन्धान विधि

खोजमुलक अनुसन्धान शोधप्रक्रियाको गहकिलो अध्याय हो । यसको अध्ययन अनुशीलन गर्दा प्रचलित अनुसन्धान विधि, प्रक्रिया, ढाँचा पद्धति र शोधमूलक अवधारणाहरुको गहनतम प्रयोग अभ्यास र उपयोग गरिएको हुन्छ । यस आलेखमा पनि प्राप्त भएका सामग्रीहरुलाई सत्यान्वेषण गरेर निष्कर्षण दिने तर्फ विशेष अभिरुची र मेहनतको उपयोग गरिएको छ । मित्थ्या सूचनालाई हटाउने र यथार्थपरक तथ्यहरुलाई पुष्टिकरण गर्दै आलेखलाई महत्त्वपूर्ण स्वरुप प्रदान गर्न प्रयास गरिएको छ । विशेषतः अनुसन्धान विधि, अध्ययन अनुशीलनको महत्त्वपूर्ण र अमोघ साधन भएको हुनाले यसका सैद्धान्तिक अवधारणाहरुलाई विशेष अभिरुचिका साथ समूचित प्रयोग गर्ने अभ्यासमा चनाखो भएर यथार्थता उद्बोधन गरिएको छ । भरसक गलत र तथ्यहीन प्रमाणहरुलाई प्रश्रय नदिइ तथ्यपरक सूचनाका स्रोतहरुलाई विशेषतः पर्गेलेर नै निष्कर्षण उल्लेख गर्ने प्रयास भएको छ ।

**अनुसन्धानको महत्त्व**

कुनै पनि शोधमूलक रचनाहरु प्रकाशोन्मुख तुल्याउन गुणस्तरियताका खातिर चरणबद्ध शृङ्खलाहरु पूरा गरिएका हुन्छन् । यो आलेख तयार गर्दा पनि ती चरणबद्ध तहहरुलाई विशेषतः ध्यान दिइएको छ । अनुसन्धान एउटा खोजमूलक र सत्यको निरुपण गर्ने अभियान हो । प्राप्त भएका स्रोत तथा सामग्रीहरुलाई केलाएर, यसमा भएका तथ्यहरुलाई वस्तुपरक ढंगले मूल्याङ्कन, विश्लेषण, समीक्षाजस्ता पुर्नपरीक्षणका आयामहरुलाई ध्यान दिएर तहतहमा मूल्याङ्कन गरिएको हुन्छ र प्राप्त भएका निष्कर्षहरुलाई सार्वजनिकीकरण गर्दै प्रकाशनको माध्यमबाट प्रस्तुतिकरण गरिन्छ र प्रकाशनतर्फको यात्राद्वारा तथ्यहरुका साथ प्रामाणिक निष्कर्ष प्रदान गरिन्छ ।

यो आलेखलाई पनि तिनै सत्यान्वेषणका महत्त्वपूर्ण पाटाहरुलाई छानबिनका माध्यमबाट विषयपरकभन्दा पनि वस्तुपरक तुल्याउने हिसाबले परिश्रम गरिएको छ । निष्कर्ष दिदा पनि विवाद, संसय र दुविधा उत्पन्न नहुने किसिमले त्यसको निरुपण गरेर मात्र प्रकाशनमा ल्याइएको छ । त्यसैगरी विज्ञ समिक्षकहरुले दिएका परामर्श र सुझावहरुलाई अक्षरशः पालना गर्दै गुणस्तरीयता वृद्धि गर्ने र परिस्करणको उपायद्वारा परिस्कृत स्वरुप सिर्जना गर्नेतर्फ पनि ध्यान दिई यो रचना तयार पारिएको छ । समष्टिगत रुपमा राणाकालमा दौडाहा प्रथाको प्रयोग, प्रकार, प्रभावजस्ता पक्षहरुलाई मूल्याङ्कन गरेर यसको सदुपयोग या दुरुपयोग के भएको थियो ? भन्ने तथ्यलाई बडा सावधानीका साथ चित्रण गर्ने प्रयास भएको छ ।

**दौडाहाका प्रकार**

माथि उल्लेख गरिएका उद्देश्य एवं लक्ष्य प्राप्तिका लागि दौडाहाप्रथालाई प्राथमिकताका साथ राणा-प्रशासनमा स्थान दिएको हुन्थ्यो । केन्द्र र मातहतका निकायहरुसँगको अन्तरसम्बन्ध, समन्वय र प्रत्यक्ष सम्पर्क स्थापनामा यो प्रथा मुख्य माध्यम बन्न जाने हुनाले यसलाई राणा प्रशासकहरुले निकै महत्त्व दिएका थिए । खास रुपमा समीक्षा गर्दा दौडाहा प्रथा दुई प्रकारका थिए ।

(१) केन्द्रीय दौडाहा र (२) जिल्लाअन्तर दौडाहा ।

केन्द्रबाट विभिन्न जिल्लाहरुमा वर्षको एक वा दुई पटक नियमित ढंगले जाँचबुझ गर्न, निर्देशन-निरीक्षण गर्न र जनताको उजुरी सुनुवाई गर्नका लागि मातहतका अड्डाहरुसँग समन्वय राखी दौडाहा टोली त्यसतर्फ प्रस्थान गर्दथ्यो । उक्त टोलीले कानूनमा तोके बमोजिम काम-कार्यवाही अगाडी बढाउँथ्यो । यसका अतिरिक्त कुनै निश्चित उद्देश्य परिपूर्तिका निमित्त विशेष किसिमको दौडाहा टोली गठन गरी तोकिएका जिल्लाहरुमा केन्द्रबाट नै खटाउने गरिएका दृष्टान्तहरु पनि पाइएका छन् तर यो परिपाटी नियमित किसिमबाट सञ्चालनमा आएको थिएन । कुनै जिल्लामा विशेष किसिमको परिस्थिति श्रृजना भयो भने निश्चित उद्देश्य प्राप्तिका लागि मात्र दौडाहा टोली त्यसतर्फ पठाईन्थ्यो । यदि कुनै जिल्लाबाट राजश्व उठ्तीमा अड्चन आई गम्भिर परिस्थिति पैदा हुन गै अप्ठ्यारो हुन थाल्यो भने उक्त समस्या निराकरण हेतु दौडाहा टोली समस्या खडा भएको जिल्लामा केन्द्रबाट खटाएर पठाइन्थ्यो । कहिले-काही जिल्ला वा स्थानीय तहअन्तर्गत कुनै विषयमा तथ्य पत्ता लगाउनु पर्ने देखिएमा विशेष दौडाहा टोली त्यहाँ खटाइन्थ्यो । उक्त टोलीले अध्ययन-अनुशीलन गरी विवरण तयार पारी केन्द्रसमक्ष प्रस्तुत गर्नुपर्दथ्यो । राणाकालको उत्तरार्द्धतिर जनजागृतिका घटना विशेषको निरीक्षणका निमित्त यस्ता थुप्रै दौडाहा टोली जिल्ला जिल्लामा खटाईएका थिए ।

जिल्ला अन्तर दौडाहा गर्दा वडाहाकिम आफैं वा निजले तोकेको हाकिम टोलीप्रमुख भै जिल्ला स्तरीय कार्यालयबाट उपयुक्त ठानिएको कर्मचारीलाई समाविष्ट गरेर टोली गठन गरिन्थ्यो । उक्त दौडाहा टोलीले मातहतका अड्डा-अदालतमा ऐन, कानूनबमोजिम काम भए नभएको रेखदेख गर्दथ्यो । यो प्रक्रिया नियमित किसिमले प्रत्येक वर्षको १ वा २ पटकसम्म सम्पादन गर्नुपर्दथ्यो । स्थानीय जनताले भोगेका पीडा, पीरमर्का, उजुरी र गुनासाहरु सुनीसनद सवालबमोजिम निर्णय गर्नु गराउनु पर्दथ्यो । १००० रुपैयाभन्दा बढी विगो पर्ने उजुरीको हकमा केन्द्रसँग परामर्श गरी प्राप्त भएको सुझाव बमोजिम निर्णय दिनु पर्दथ्यो ।

## दौडाहाका मुख्य कार्यहरु

दौडाहा टोली गठन गर्दा नै उक्त टोलीले गर्नुपर्ने कार्य, क्षेत्र, अधिकार सुनिश्चित गरिएको हुन्थ्यो । उक्त टोलीलाई सम्बन्धित जिल्लाको वडाहाकिम र मातहतका निकायहरुले आवश्यक सहयोग उपलब्ध गराउनु पर्दथ्यो । खटेका टोलीलाई आवश्यक सबैखाले मद्दत पुऱ्याउन सम्बन्धित निकायहरुलाई सूचनासमेत जारी गरिएको हुन्थ्यो । ठाउँ-ठाउँमा खटिएका दौडाहा टोलीले तोकिएका सबै खाले काम सम्पन्न गर्नुपर्दथ्यो । मुलुकी वन्दोवस्त अड्डाले निर्दिष्ट गरेका कामहरुको पूर्ण सम्पादन उनीहरुको जिम्मेवारीभित्र पर्दथ्यो । मालअड्डा, अमिनी अड्डा, काठमहाल, अदालत, बनजाँच अड्डा आदि सबैको कामका वारेमा मूल्यांकन गर्ने, जनताको पीरमर्का सुन्ने, उजुरी लिने फैसला गर्ने सबै खाले कामहरु ऐन बमोजिम सम्पादन गर्नु पर्दथ्यो । जिल्ला तथा स्थानीय निकायमा कर्मचारीले कानून बमोजिम काम गरेका छन् या छैनन् त्यसको निरीक्षणपनि यो दौडाहा टोलीले सम्पादन गर्दथ्यो । जनतासँग सकेसम्म लिखित उजुरी माग गरी समस्या निरुपणतर्फ यसले प्रयत्ल गर्नु पर्दथ्यो । तोकिएको स्थानको वस्तुस्थितिको वारेमा सम्पूर्ण फेहरिस्त तयार पारी केन्द्रमा पेश गर्नुपर्ने समेतको दायित्व यस टोलिलाई सुम्पिएको थियो । सीमा क्षेत्रमा हुने गरेका घुसपैठ, अनियमितता र सरकार विरुद्धका गतिविधिलाई समेत यसले नियन्त्रण गर्न, सूचना लिन र आगामी दिनमा अख्तियार गर्नुपर्ने रणनीतिका वारेमा सिफारिस समेत गर्ने तर्फ ध्यान दिनु पर्दथ्यो । अनुगमन स्थलमा नै तुरुन्त फैसला, निर्णय, समस्या निरुपण र सजाय समेतको फैसला गर्नसक्ने अधिकार उक्त दौडाहा टोलीमा सुरक्षित हुने हुनाले यो निकै सर्वशक्तिमान हुने गर्दथ्यो । दौडाहा टोलीले कानून बमोजिम निर्णय नगरी कसुर गरेको ठहर भएमा विगोको डबल सजाय हुने दौडाहा टोलीका कर्मचारीलाई दिने गरेको हुनाले दोष र आरोप मुक्त भै काम गर्नेतर्फ उनीहरुको ध्यान पुग्ने गर्दथ्यो ।

## निष्कर्ष

राणाकालमा केन्द्रदेखि जिल्ला हुँदै स्थानीय तहसम्म नियन्त्रण स्थापना गर्न दौडाहाप्रथा निकै सफल भएको देखिन्छ । मातहतका निकायलाई वफादार बनाइराख्न यो एउटा सशक्त माध्यम बन्न पुगेको थियो । कानूनमा लेखिए बमोजिम काम कार्वाही गर्न प्रेरित गरेको हुनाले यसबाट कसुरदारहरु डराउनु स्वभाविक थियो । कहिलेकाहीँ जिल्लाका वडाहाकिमहरुसँग क्षेत्राधिकारको विषयलाई लिएर खटपट हुने र असहयोग समेत पुग्ने गरेको सन्दर्भले शक्ति विभाजनमा द्वन्द्व सृजना हुन सक्थ्यो । अर्कोतिर जनताले पीरमार्काको कुरा गर्दा जिल्ला र स्थानीय तह सधैंभरी आफ्नो विपरित हुन जाने कारणले खुलेर आफ्ना कुरा भन्न डराउने गरेको स्थिति पनि थियो । तथापी राणाकालमा शक्ति संचयको लागि यो एउटा सशक्त स्वरुप बनेको देखिन्छ । उचित, न्यायोचित, विधिसम्मत र प्रचलित कानुनी हिसाबले तहकिकात गरेर अन्यायको न्याय गर्ने परिपाटीमा त्यसको सही कार्यान्वयन गरिएको अवस्थामा यसलाई प्रभावकारी व्यवस्था मान्न सकिन्थ्यो । तर यसलाई गलत मनसायका साथ दुरुपयोग गरिएको थियो । यद्यपि केन्द्रीकृत शासकीय स्वरुप गठनमा यसले ठूलो योगदान दिएको थियो । तहगतको प्रशासनिक व्यवस्थालाई संयोजन रेखदेख र नियन्त्रण गर्न यो प्रथाले सघाएकै थियो ।

## सन्दर्भ सूची

### प्राथमिक स्रोत

गौतम, बद्रीनारायणसँग मिति २०८०।३।१७ गते इतिहास केन्द्रिय विभागमा लिइएको अन्तर्वार्ता अनुसार ।

पराजुली, जगतप्रसादसँग मिति २०७९।१०।१५ गते पाटन संयुक्त क्याम्पसमा गरिएको कुरा अनुसार ।

पौड्याल, ज्ञानेन्द्रसँग मिति २०८०।२।१४ गते कलंकी निजनिवासमा गरिएको अन्तर्वार्ता अनुसार ।

भट्टराई, घनश्यामसँग मिति २०७९।१०।१५ गते इतिहास केन्द्रीय विभागमा लिइएको अन्तर्वार्ता अनुसार ।

राणाकालीन सनद-सवालको किताव (अप्रकाशित), मोरंग मालपोत कार्यालय विराटनगर । (संकलित सनद सवालहरु पुस्तकाकारमा सुरक्षित)

**ऐतिहासिक दस्तावेद**

राणाकालीन सनद-सवालको किताब (अप्रकाशित), मोरङ मालपोत कार्यालय विराटनगर । (संकलित सनद सवालहरु पुस्तकाकारमा सुरक्षित)

**सहायक स्रोतहरू**

अग्रवाल, हेमनारायण, *द एड्मिनिष्ट्रेटिभ् सिस्टम् अफ् नेपाल,* नयाँ दिल्ली : विकास पब्लिसिङ्ग हाउस, १९७६ इ. ।

अधिकारी, कृष्णकान्त*, नेपाल अण्डर जंगबहादुर,* भाग-१, काठमाडौं : बुकु, १९४८ इ. ।

उप्रेती, प्रेमरमण, *पोलिटिकल अवेकेनिङ्ग इन नेपाल,* दिल्ली : कमनवेल्थ पब्लिकेसन्स, १९९२ इ. ।

एड्वार्डस्, डेनियल, "दौडाहा सिस्टम अण्डर द राणाज्", *कन्ट्रीव्यूसन्स् टु नेप्लीज स्टडिज्,* वर्ष ३, अंक २, वि.सं. २०३३ ।

कुमार सतिश, *राणा पोलिटी इन नेपाल,* बम्बई : एशिया पब्लिसिङ्ग हाउस, १९६७ इ. ।

नेपाल अण्डर जंगबहादुर, भाग-१, काठमाडौं : बुकु, १९८४ इ. । *पोलिटिकल अवेकेनिङ्ग इन नेपाल,* दिल्ली : कमनवेल्थ पब्लिकेसन्स, १९९२ इ. ।

पाण्डे, सरदार भीमबहादुर, *त्यसबखतको नेपाल,* भाग-५, ललितपुर : साझा प्रकाशन, वि.सं. २०४२ ।

भट्टराई, घनश्याम, *राणाकालीन जिल्ला प्रशासनमा वडाहाकिमहरुको भूमिका,* काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०५९ ।

वैद्य, तुलसीराम र मानन्धर, त्रिरत्न, आधुनिक नेपालको प्रशासनिक इतिहास (सन् १७६८-१९५१),